नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक २७    २०७७ साल भदौं २ गते मंगलबार (18 Aug 2020 Tuesday)    मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अत्यावश्यक कामबाहेक बाहिर ... ३ पृष्ठमा : कोरोना संक्रमणको उच्च.. ३ पृष्ठमा : इजरायलमा ३० सेकेन्डमै...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बनैनियाँ छोटी नाकाबाट अबैध मालसमान ओसारपोसार हुँदै



पारी बिहारको अन्धरामंठ र वारि नेपालको सशस्त्र प्रहरी बल बनैनियामा डियुटीमा खटिएका प्रहरी जवानहरू ।
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

सप्तरीको बनैनियाँ नाकावाट लकडाउनको मौका छोपेर राती राती अबैध मालसमानहरू ओसारपोसार हुने गरेको खुलासा भएको छ ।

जिल्लाको राजगढ गाउँपालिका ४ बनैनियाँका सयौं मानिसहरू दिनहुँ प्रहरीलाई छलेर भारत बिहारको अन्धरामंठमा किनमेल गर्ने पुग्छन् ।

छोटी नाका भनिने चिनिने बनैनिया नाका हुदै भारतको अन्धरामंठमा स्थानिय र प्रहरीको मिलोमतो राति छलेर खुल्लायाम तस्करी हुने गरेको छ ।

यस क्षेत्रको बैननिया, झुटकी, नर्घो लगायतका मानिसहरू राती बोडर पारी खाध मल ल्याएर खुल्ला याम तस्करी भईरहेको स्थानियहरू बताउछन ।

यसैबीच जिल्ला प्रशासन कार्यालयले जिल्ला भरी निषेधाज्ञा जारि गरेको अवस्थामा समेत सीमानाकामा ठूलो संख्यामा मानिसहरुको चहलपहल रहेको छ । जसकारण संक्रमण बढ्ने सम्भावना पनि उत्तिकै रहेको छ । यता यस क्षेत्रवाट राती राती अबैध मालसमानहरू ओसारपोसार भईरहेपनि प्रहरीले निगरानी गर्न सकेको छैन ।

निषेधाज्ञा अघि पनि यस नाकाबाट भन्सार छलेर लत्ताकपडा, सुपाडी, रक्सी लगायतका अबैध मालसमानहरू ओसारपोसार हुने गरेको स्थानियहरू बताउछन ।

यता शसस्त्र प्रहरी क्याम्प बनैनियाँका ईन्सपेक्टर शत्रुघन ठाकुरले भने यस नाकाबाट कुनै मालसमानहरू ओसारपोसार नभएको र कुनै तस्करी नभएको दाबी गर्छन् । उनी भन्छन्, "बोर्डर क्षेत्रमा चौबिसे घण्टा गस्ती गर्ने गरेकोले कुनै किसिमको तस्करी भइरहेको छैन् ।"

सो क्षेत्रका सयौ युवाहरूले राती बोर्डर पारी गएर ७ सयमा खाधमल ल्याउने र नेपालको विभिन्न ठाउमा १ हजार देखि १४ सय बिक्री गर्ने गरेको स्थानियहरू बताउछन ।

# सिरहाको सबै स्थानीय तहमा १५ दिन लकडाउन

लहान, १ भदौ (रासस) ।

कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि जिल्ला सङ्कट व्यवस्थापन समिति सिरहाले जिल्लाको १७ वटै स्थानीय तहमा सोमबार बिहानदेखि भदौ १५ गतेसम्म लकडाउन गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलको अध्यक्षतामा बसेको जिल्ला सङ्कट व्यवस्थापन समितिको बैठकले कोरोना भाइरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सिरहाको १७ वटै स्थानीय तहले आ-आफ्नो पालिकाभित्र १५ दिनका लागि लकडाउन गर्ने निर्णय गरेको हो । समितिको निर्णयअनुसार लकडाउन गर्न सबै पालिकालाई पत्राचार गरिसकेको प्रजिअ कँडेलले बताउनुभयो ।

यसैबीच कोरोना भाइरसको सङ्क्रमण समुदायस्तरमा फैलिन नदिन सिरहा नगरपालिका र गोलबजार नगरपालिकाले जारी गरेको लकडाउनलाई सोमबारदेखि दुई साता थप गरिएको छ । सिरहा नगरपालिकाले सोमबार बिहानदेखि १५ दिन थप लकडाउन गर्ने निर्णय गरेको छ । प्रजिअ कँडेलको अध्यक्षतामा बसेको जिल्ला सङ्कट

*बाँकी अन्तिम पृष्ठमा*




# दुबै सरकार मिलेर खाडो नदी नियन्त्रण गर्नुपर्छ : राष्ट्रिय सभासदस्य यादव



**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादबले नेपाल सरकार र भारत सरकारले ठोस पहल गरेर खाडो नदी नियन्त्रण गर्नुपर्ने बताएका छन् ।

सोमवार सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ स्थित बेल्ही भन्सारदेखि बेल्ही टोलसम्म बाढीले पुऱ्याएको क्षति बारेमा स्थलगत निरिक्षण गर्दै उनले सो कुरा बताएका हुन् ।

जनता समाजवादी पार्टी कार्यकारणी समितिका सदस्य समेत रहेका राष्ट्रिय सभा सदस्य यादवले खाडो नदी नियन्त्रण गर्न संघिय सरकार, प्रदेश र स्थानिय सरकार समेत गम्भिर हुनु पर्ने बताए ।

*बाँकी तीन पृष्ठमा*

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## सम्पादकीय

# रोगसँग लड्न सतर्कता अपनाऔं

कोरोना भाइरसको संक्रमण समुदायस्तरमा फैलिदै जाँदा जिल्ला प्रशासन कार्यालय सप्तरीले विगत तीन सातादेखी गरेको निषेधाज्ञा आज समाप्त हुँदैछ। महामारी रोकथाम तथा नियन्त्रणका लागि गरिएको निषेधाज्ञाले अहिले जिल्लामा महामारी केही हदसम्म नियन्त्रणमा आएको छ। तर, पूर्णरुपले नियन्त्रण अझै आउन सकेको छैन्। यस्तो परिस्थितिमा जिल्लाका जनता अहिले धेरै सतर्क भइसकेका छन्।

यस महामारीका कारण अहिले बजार समेत सुनसान देखिएका छन्। घरबाट अतिआवश्यक काम बाहेक कोही पनि निस्कने गरेका छैनन्। अहिले जनताले महामारीको बारेमा धेरै बुझिसकेका छन्। पहिलेको तुलनामा जनताले यसलाई निकै गम्भिरतापूर्वक लिएका छन्। संक्रमण फैलिदै जाँदा सबैभन्दा बढी बृद्धबृद्धा र बालबालिका प्रभावित भएका छन्। उनीहरु घरमै बस्न बाध्य छन्। भाइरसको संक्रमणले उनीहरुलाई सबैभन्दा बढी प्रभावित गर्नेहुनाले सरकारी नियमको पालनासँगै आफै सावधानीपूर्वक समाजिक दुरी कायम गर्दै माक्स प्रयोग गरिरहेका छन्।

तसर्थ आउँदै दिनहरुमा आमजनताले महामारी बिरुद्ध लड्न आफै सक्षम हुनु जुरुरी छ। यसका लागि सरकारी नियमको पालनाका साथै ताजा खानेकुरा तथा रोगप्रतिरोधात्मक क्षमता बृद्धि गर्नु नै अहिलेको विकल्प रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश नं २ बढदो सङ्क्रमण : एक महिनामा तीन हजार सङ्क्रमित थपिए

सप्तरी, १ भदौ (रासस)।

प्रदेश नं २ मा कोरोना भाइरस सङ्क्रमण दर बढ्दै गएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार मात्र प्रदेश नं २ मा २०८ जना सङ्क्रमित थप भएको पुष्टि गरेको छ। मन्त्रालयका प्रवक्ता जागेश्वर गौतमका अनुसार बारामा ६९, पर्सामा ६४, धनुषामा ३७, रौतहटमा १४, सप्तरीमा ११, महोत्तरीमा आठ, सिरहामा तीन र सर्लाहीमा दुई जना कोरोना सङ्क्रमित थप भएका हुन्।

एक महिनाको अवधिमा प्रदेश नं २ मा करिब तीन हजार सङ्क्रमित बढेका छन्। प्रदेश नं २ सामाजिक विकास मन्त्रालयको तथ्याङ्कअनुसार असार मसान्तसम्म तीन हजार ९११ जना सङ्क्रमित रहेकामा साउन मसान्तसम्ममा सङ्क्रमितको सङ्ख्या छ हजार ८२१ पुगेको छ। पर्सा, रौतहट र महोत्तरीमा ५०० भन्दाबढी सक्रिय सङ्क्रमितको उपचार भइरहेको छ।

मन्त्रालयका अनुसार सङ्क्रमितको सङ्ख्या बढेर साउन मसान्तभित्र रौतहटमा १३८५, पर्सामा १२२६, धनुषामा १०२२, महोत्तरीमा १००२, सर्लाहीमा ९३४, सप्तरीमा ६६१, बारामा ३२३ र सिरहामा २६३ पुगेको छ। असार मसान्तमा रौतहटमा १२३१, पर्सामा १५९, धनुषामा ५४९, महोत्तरीमा ७३८, सर्लाहीमा ६५६, सप्तरीमा २५५, बारामा ११२ र सिरहामा २०६ सङ्क्रमित रहेको थियो। सङ्क्रमितसँगै मृत्यु हुनेको सङ्ख्यामा पनि वृद्धि भएको छ। असार मसान्तभित्र रौतहट, बारा र पर्सामा एक/एक जना गरी तीन जनाको मृत्यु भएकोमा साउनसम्ममा मृतकको सङ्ख्या ४५ पुगेको छ। तीमध्ये ११ महिला र ३४ पुरुष छन्। मृतकमध्ये पर्साका मात्र २० जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। सोमबार मात्र जनकपुरधाम उपमहानगरपालिका-६ का ४३ वर्षीय पुरुषमा मृत्युपछि कोरोना सङ्क्रमण देखिएको स्वास्थ्य निर्देशनालय प्रदेश नं २ का वरिष्ठ जनस्वास्थ्य प्रशासक विजय झाले जानकारी दिनुभयो।

प्रदेश नं. २ मा संस्थागत आइसोलेशनमा तीन हजार ८६९, होम आइसोलेशनमा ९८ र क्वारेन्टिनमा एक हजार ६३१ जना रहेका छन्। सङ्क्रमितमध्ये तीन हजार ६१२ जना उपचारपछि निको भएर घर फर्किएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार उपचारपछि निको भएर घर फर्किकामध्ये सप्तरीका ४४६, सिरहाका २०५, धनुषाका ६८२, महोत्तरीका ३७०, सर्लाहीका ६५२, रौतहटका ७५४, बाराका १८२, पर्साका ३१५ जना छन्।

असार मसान्तभित्र सप्तरीमा २२१, सिरहामा ११५, धनुषामा ३९४, महोत्तरीमा २७०, सर्लाहीमा ५९०, रौतहटमा ६५३, बारामा ११४ र पर्सामा १७१ जना उपचारपछि निको भएर घर फर्किएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेश नं २ मा हाल आइसियुमा ४१ जना उपचाररत छन्। प्रदेश नं २ को आइसोलेशन भरिभराउ भएपछि सङ्क्रमित घरमै बस्न बाध्य छन्। यो प्रदेशमा ९८ जना होम आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ।

स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवका अनुसार आइसोलेशनको अभावले सप्तरीमा समेत ३१ जनालाई होम आइसोलेशनमा राखिएको र यसले समुदायमा सङ्क्रमण फैलिने खतरा बढेको बताउनुभयो। उहाँले जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र सप्तरीले शम्भुनाथ नगरपालिकास्थित भगवतपुर, कठौनामा रहेको माविलाई करिब २०० शचयाको आइसोलेशन केन्द्र बनाउने तयारी भइरहेको जानकारी दिनुभयो। राजविराजस्थित आइसोलेशन केन्द्रमा जनशक्ति अभाव भएपछि सङ्क्रमितलाई व्यवस्थापन गर्न तिलाठी कोइलाडी गाउँपालिकाले आफ्नै तहमा ५० शचयाको आइसोलेशन केन्द्र सञ्चालनमा ल्याएको छ।

दीर्घरोगी कोरोना सङ्क्रमणको पहिलो सिकार बन्ने गरेको पाइएको छ भने भ्यान्टिलेटर नपाउँदा सङ्क्रमितको उपचारमा पनि समस्या देखिएको छ। राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा रणजितकुमार झाले चारवटा भेण्टिलेटर भए पनि भौतिक पूर्वाधार र जनशक्तिको अभावमा सञ्चालन हुन नसकेको बताउनुभयो। "रोजगारीमा रहने क्रियाशील जनशक्ति युवा नै बढी सङ्क्रमित रहेको जानकारी दिँदै उहाँले पछिल्लो समय ज्येष्ठ नागरिक र दीर्घरोगीमा समेत कोरोना सङ्क्रमण बढेको बताउनुभयो। उनीहरूसँग रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले मृत्युदर बढ्नसक्ने सम्भावना रहेको उहाँको भनाइ छ। "सङ्क्रमण बढेपछि मृत्युदर बढ्नु स्वाभाविक हो, त्यसमाथि प्रतिरोधात्मक क्षमता कम भएका ज्येष्ठ नागरिक र दीर्घरोगी व्यक्तिमा सङ्क्रमण बढ्दै जानु डरलाग्दो हो", डाक्टर झाले बताउनुभयो।

भारतबाट आएकाको व्यवस्थापनमा स्थानीय सरकार र प्रदेश सरकार चुक्दा कोरोना सङ्क्रमण र मृत्युको ग्राफ उकालो लागेको सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ का विनोद यादवले बताउनुभयो। क्वारेन्टिन भद्रगोल बन्नु, पिसिआर परीक्षणमा ढिलाइ हुनु, सङ्क्रमित व्यवस्थानमा ध्यान नदिनु, सीमानाका खुकुलो हुनु, होम क्वारेन्टिनमा बसेकाको निगरानी नहुनु, सचेतना अभियान राम्रोसँग चलाउन नसक्नुजस्ता कारण यो प्रदेश कोरोना सङ्क्रमणको उच्च जोखिममा पुगेको यादवको भनाइ छ। भारतबाट आएका अधिकांशमा कोरोना सङ्क्रमण भेटिए पनि सचेतना भने कम छ।

प्रदेश नं २ मा हाल दैनिक साढे एक हजार जनाको स्वाब सङ्कलन भइरहेको छ भने कोरोना परीक्षण ८०० जनाको मात्र भइरहेको छ। जनकपुर, राजविराज र वीरगञ्ज गरी तीन स्थानमा कोरोना परीक्षण प्रयोगशाला राखिएको छ। सबैभन्दा सानो क्षेत्रफल भए पनि दोस्रो ठूलो जनसङ्ख्या भएको प्रदेश नं २ मा हालसम्म ७६ हजार ५२५ जनाको स्वाब सङ्कलन भएको सामाजिक विकास मन्त्री नवलकिशोर साहले बताउनुभयो। जसमध्ये आठ हजार ४१४ जनाको परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ।

हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - शैलेश साह
प्रमुख
हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

# गुर्जोप्रति बढ्दो मोहः कर अधिकृतले निःशुल्क बाँड्दै बिरुवा

**राजु विश्वकर्मा**
लहान, १ भदौ (रासस)।

कुनैबेला बिहान र बेलुकाको समय घुमफिरमा बिताउँदै आउनुभएका लहानस्थित आन्तरिक राजस्व कार्यालयका प्रमुख कमलबहादुर राजलवटलाई अहिले भने गुर्जोको बेर्ना लगाउन र कलमी बनाउन भ्याइनभ्याइ हुन्छ।

मिर्मिरे बिहानीमा होस वा झिसमिसे साँझको समयमा आफ्नो सरकारी निवासमा खाली जग्गामा गुर्जोको बेर्ना लगाउने र कलमी बनाउन अचेल उहाँ दैनिक व्यस्त हुनुहुन्छ। कार्यालय समय सकिएपछि कर्मचारीलाई घर फर्किन हतारो हुन्छ, तर प्रमुख राजलवटलाई बेलुका कतिबेला निवास पुगेर बेर्ना लगाउने र कलमी बनाउने हतारो हुन्छ।

बिहान सबेरै उठेर गुर्जोको बेर्ना लगाउने र कार्यालयबाट बेलुका फर्किएपछि कमली बनाउने दैनिकी बनाउनुभएका प्रमुख राजलवटले तयार पारेको गुर्जोको कलमी र बेर्ना चिनजानका व्यक्तिदेखि सङ्घसंस्थालाई निःशुल्क तिवरण गर्दै आउनुभएको छ।

लहानस्थित गणेश चोकमा रहेको आन्तरिक राजस्व कार्यालयदेखि करिब ४०० मिटरको दूरीमा सरकारी निवासको खाली जग्गामा उहाँले लगाउनुभएको गुर्जोको बेर्ना लिन आउनेको दैनिक भीडसमेत लाग्ने गरेको छ। गुर्जोको लहरालाई टुक्राटुक्रा पारेर प्रमुख राजलवटले कलमी बनाएको देखेपछि स्थानीय अचम्ममा परेका थिए। "कार्यालयदेखि निवाससम्म आउँदा बाटो छेउमै लहरा र झाडी बुटचान पर्छ", प्रमुख राजलवटले भन्नुभयो, "त्यसमा गुर्जो लत्रिएको भए पनि पहिला गुर्जोको उपयोगिताबारे थाहा नभएर त्यसलाई स्थानीयवासीले खासै महत्व दिएका थिएन्।" तर त्यही गुर्जोलाई काटेर टुक्रा पारेर कलमी बनाई त्यसको महत्वबारे बुझाएपछि धेरैजसो व्यक्ति यसलाई अहिले नियमित सेवन गर्न थालेको उहाँको भनाइ छ।

अहिले आन्तरिक राजस्व कार्यालय लहानका अधिकांश कर्मचारीसँगै त्यहाँ धेरैजसो स्थानीयले दैनिक गुर्जोको सेवन गर्न थालेका छन्। "शुरुमा स्थानीयवासीलाई गुर्जो के हो, यसको फाइदा के हुन्छ थाहै थिएन्", उहाँले भन्नुभयो, "तर अहिले सबै जनाले गुर्जोबारे थाहा पाइसक्नु भएको छ, दैनिकजसो बिहान बेलुका उहाँहरु गुर्जो सेवन गर्नुहुन्छ।" कतिपयले गुर्जोको चिया बनाएर सेवन गर्नुहुन्छ भने कतिपयले गुर्जोलाई रातभरी पानी भिजाएर बिहान सेवन गर्ने गरेका छन्, त्यसैले यसबाट आफू उत्साहित भएको प्रमुख राजलवटको भनाइ छ।

"गुर्जोको बेर्ना र कलमी बनाउने चाहना आफूलाई लहान आएदेखि नै थियो", उहाँले भन्नुभयो, "कार्यालयमा कामको चापका कारण त्यसो गर्न सकेको थिएन, तर गत चैत ११ गतेदेखि शुरु भएको बन्दाबन्दीले गुर्जोको बेर्ना लगाउने र कलमी बनाउने अवसर जुराएको हो।" करिब चार महिनाको बन्दाबन्दीकै समयमा गुर्जोको ३० हजार कलमी तयार पारेको उहाँको भनाइ छ।

बन्दाबन्दीका बेला कार्यालयका अधिकांश कर्मचारी घर पुगे पनि प्रमुख राजलवट सरकारी निवासमै बसेर तयार पारेको ३० हजार गुर्जोको कलमीमध्ये बन्दाबन्दी खुकुल्लो भएसँगै हालसम्म १५ हजारभन्दा बढी कलमी काठमाडौँ पठाइसक्नुभएको छ। "आफ्ना इष्टमित्र र आफन्त तथा चिनजान भएकालाई कलमी पठाइसके", उहाँले भन्नुभयो, "गुर्जोको बहुउपयोगी बुझेकाबाट पनि दैनिकजसो गुर्जोको कलमी माग हुँदै आएको छ, भ्याएसम्म पठाइरहेको छु, गाडी नचलेर पठाउन कठिनाइ भइरहेको छ।" अहिलेसम्म अर्थमन्त्रालयको विभिन्न विभाग तथा निकायमा पनि कमली पुऱ्याइसकेको र आफूले पठाएको गुर्जोको कलमी सिंहदरबार र अर्थमन्त्रालय तथा विभागको कुनाकुनामा छ्याप्छ्याप्ती हुर्किसकेको उहाँले बताउनुभयो।

असन्तुलित खानपान, जीवनशैलीलगायतका कारण दिनप्रति दिन रोगीको सङ्ख्या बढ्दै गएका बेला गुर्जोको उपयोगिता बढ्न थालेको छ। समान्य रुघाखोकीदेखि मधुमेह, उच्च रक्तचाप, मुटु रोगीलगायत रोगीका लागि गुर्जो सञ्जिवनी बुटी मानिने गरिन्छ। "गुर्जोको बहुउपयोगिता भए पनि यसको कलमी उत्पादनमा खासै खर्च लाग्दैन", प्रमुख राजलवटले भन्नुभयो, "यहाँका झाडी बटचानमा प्रशस्त गुर्जोको लहरा पाइन्छ, त्यसलाई काटेर टुक्रा पारी बेर्ना बनाउँछु र त्यसलाई कलमीका रुपमा तयारी पार्ने गरेको छु।" त्यही गुर्जोको कलमी माग्न आउनेलाई मागअनुसार क्यारेटसहित निःशुल्क दिइने गरेको उहाँका कथन छ। कारोना कहरबाट जोगिन रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि गुर्जोको उपयोगिता अझै बढेको उहाँले बताउनुभयो।

कोभिड-१९ सङक्रमण देखिनुभन्दा पहिले फाट्टफुट्ट रुपमा प्रयोग हुने गुर्जो अहिले धेरैले प्रयोग गर्न थालेका छन्। यसको प्रयोग बढ्न थालेपछि सिरहामा यसको माग ह्वातै बढेको छ। कसैले दिनमा एक पटक त कसैले साँझ बिहान दुई पटक खाने गरेका छन्। गुर्जो, मरीच, बेसार र अदुवा मिसाएर पकाइएको झोल खाने गरेको स्थानीयवासीको भनाइ छ।

"कोरोना भाइरस सङ्क्रमणबाट बच्न गुर्जो प्रमुख जडिबुटी हो भन्ने सुनेपछि हाम्रो टोलमा अधिकांशले गुर्जो खान थालेका छन्", स्थानीयवासी राजकिसोर यादवले भन्नुभयो, "पहिले सजिलै पाइने गुर्जो यतिखेर पाउन गाह्रो भएको छ।" "यो लहरा जस्तै हुन्छ। गुर्जो जुनसुकै रुखमा लहराको रुपमा फैलिएको हुन्छ", उहाँले भन्नुभयो, "यसको टुक्रा माटामा गाडिदिए सजिलै उम्रन सक्छ।"

आयुर्वेदिक चिकित्सकका अनुसार गुर्जोको नियमित सेवन गरेमा मधुमेह, उच्च रक्तचाप, थाइराइड भएका बिरामीलाई निकै फाइदा गर्छन्। रोग प्रतिरोधात्मक शक्ति बढाउने भएकाले धेरैले यसको सेवन गर्न थालेको बताइएको छ।

### *दुबै सरकार ...*

एक हप्तादेखी निरन्तर खाडो नदीमा आएको बाढीले बेल्हीका ५ सय घरमा क्षति पुऱ्याएको छ भने बाढीको पानीले सडक समेत बगाएको छ। बेल्ही टोल जोड्नका लागि ढलान गरिएको ३ सय मिटरको बाटो र बिजुलीको पोल नै बगाएको छ भने बिजुलीको तार पानीमा छरिएको स्थानिय मोहम्मद याकुवले जानकारी दिए।

यता वडा नं. १ का अध्यक्ष दिनेश्वर मिश्रले स्थानियलाई आवतजावत गर्न चाडै बासको चचरी राख्ने जानकारी दिए। उनले खाडो नदीको नियन्त्रण गर्न गाउँपालिकाबाट प्रयास भएको समयमा उपभोक्ता समितिहरूले काम गर्न नसक्दाँ यस्तो समस्या उत्पन्न भएको बताए।

खाडो नदीको ठोस नियन्त्रण हुन नसक्दाँ बर्सेनी दक्षिण भेगका दर्जनौं गाउँमा पानी पसेर सयौ बिगहामा लगाइएको धानवाली नष्ट गरेको गाउँपालिका उपाध्यक्ष सुचिता यादबले बताईन।

सो निरिक्षणका क्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादब, जसपा नेता जयप्रकाश ठाकुर, जसपा नेता सुनिल झा, युवा नेता शम्भु यादब, निरज झा, सुरजित कुमार सिँह, ओम यादब लगायत स्थानियहरूको उपस्थिति रहेको थियो।

# एसइई परीक्षाको नतिजा सार्वजनिक

भक्तपुर, १ भदौ (रासस)।

राष्ट्रिय परीक्षा बोर्डले २०७६ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सोमबार साँझ सार्वजनिक गरेको छ। परीक्षाका लागि चार लाख ८२ हजार ९८६ विद्यार्थीले फारम भरेपनि चार लाख ७२ हजार ७८ विद्यार्थीको नतिजा सार्वजनिक गरेको बोर्डका सदस्य सचिव दुर्गा अर्यालले जानकारी दिनुभयो।

परीक्षाका लागि फारम भरेका मध्ये १० हजार ९०८ विद्यार्थीको नियमानुसार हाजिरी नपुगेको, फाराम भर्दा त्रुटि भएको र नियम पूरा नगरी अयोग्य भएकाले नतिजा नआएको उहाँले जानकारी दिनुभयो। नतिजा सार्वजनिक गरेपनि बोर्डले कति विद्यार्थीले कुन जिपिए पाए भन्ने विवरण भने सार्वजनिक गरेको छैन। उक्त विवरण विद्यार्थीले विभिन्न वेभसाईट र एसएमएसबाट थाहा पाउन सक्ने व्यवस्था गरिएको छ।

यसवर्षको नतिजा प्रकाशन भएपछि विद्यार्थीलाई पुर्नयोग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनः परीक्षण गराउने र पुरक ग्रेडवृद्धि परीक्षा सञ्चालनसम्बन्धी कार्य भने नहुने भएको छ। बोर्डले व्यक्तिगत विवरणमा त्रुटि भएकाको हकमा भने ३५ दिन भित्र जिल्लास्थित शिक्षा तथा समन्वय एकाइमा निवेदन दिनुपर्ने व्यवस्था गरेको सदस्य सचिव अर्यालले जानकारी दिनुभयो।

गत चैत ६ गतेबाट सञ्चालन गर्ने गरी तय गरेको परीक्षा कोभिड-१९ को सङ्क्रमण जोखिमका कारण अन्तिम समयमा आएर सरकारले स्थगन गरेपछि कक्षा १० को परीक्षामा आएको नतिजा र विद्यालयको समितिले गरेको मूल्याङ्कनको आधारमा बोर्डले नतिजा सार्वजनिक गरेको हो।

कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ मा सम्बन्धित विद्यालयका प्रधानाध्यापकको अध्यक्षताको तीन सदस्यीय मूल्याङ्कन समितिले गर्ने आन्तरिक मूल्याङ्कनका आधारमा विद्यालयहरुले आ-आफ्ना विद्यालयका कक्षा १० का विद्यार्थीको नतिजा तयार पारेर बोर्डमा पठाएका थिए। सोही अधारमा बोर्डले अक्षराङ्कनमा बदलेर प्रमाणीकरण गरेर अन्तिम नतिजा तयार पारी सार्वजनिक गरिएको बताईएको छ।

परीक्षा नियन्त्रण कार्यालयले करिब एक साता अघि परीक्षाफल तयार गरी बोर्डका अध्यक्षलाई बुझाएको र सोही आधारमा बोर्डले शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग सहमति लिएर नतिजा सार्वजनिक गरेको हो। परीक्षाफल प्रकाशित भएपनि भदौ १५ गतेसम्म विद्यार्थी भर्ना गर्न भने नपाइने भएको छ। सरकारको निर्देशन पालना नगर्ने विद्यालयलाई शिक्षा, विकास तथा समन्वय एकाइले कारबाही गर्ने बताएको छ।

शिक्षा ऐनको आठौँ संशोधनले संरचना परिवर्तन गरेसँगै विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा हुने र कक्षा १० लाई प्रदेशस्तरमा सञ्चालन गर्ने व्यवस्था भएपनि अझै लागू भएको छैन। बोर्डका अनुसार नेपाल टेलिकम र एनसेलको नम्बरबाट १६०० डायल गरी नतिजा थाहा पाउन सकिनेछ। यस्तै, इजी सर्भिस प्रालिले ३४९४९ मा सिम्बोल नम्बर एसएमएस गरेर नतिजा थाहा पाउने व्यबस्था गरेको छ।

## विश्व समाचार

# प्लाज्मा थेरापी कोभिड-१९ उपचारमा कति सफल ?

वासिङ्टन, १ भदौ (रासस-एपी)।

मायो क्लिनिकका अनुसन्धाताहरुले कोभिड-१९ बाट निको भएका व्यक्तिको रक्त प्लाज्मा अरु व्यक्तिलाई निकै फलदायी रहेको जानकारी दिएका छन्, तर प्रामाणिक तहमा पुष्टी भइसकेको छैन। प्रभावकारी उपचार पद्धतिको व्यापक खोजी भइरहँदा कतिपय विज्ञहरुले भने प्लाज्मा थेरापीमा रहेका अस्पष्टताप्रति चिन्ता व्यक्त गरेका छन्। संयुक्तराज्य अमेरिकामा ६४,००० भन्दा बढी कोरोना संक्रमितलाई प्लाज्मा थेरापीबाट उपचार गरिएको छ। खोप (भ्याक्सिन) विकास गर्नुअघि सयौं वर्षदेखि यो विधि विभिन्न ज्वरो (फ्लु) र दादुराका बिरामीको उपचारका लागि प्रयोग हुन्थ्यो। नयाँनयाँ रोग निस्कँदा औषधि र खोप दुबै नहुँदा मानिसको जीवन जोखिममा पर्नु स्वाभाविक हो। यस्तो आपतकालीन स्थितिमा वैज्ञानिकहरुले प्लाज्मा थेरापीलाई तत्कालै उपलब्ध विधिका रुपमा प्रचलनमा ल्याउने गरेका छन्, तर यो विधि सबै किसिमका संक्रमणमा सफल भएको छैन। हालसम्म कोरोनाभाइरस विरुद्ध लड्न प्लाज्मा थेरापी सक्षम र उपयुक्त नै छ भन्ने ठोस वैज्ञानिक आधार तयार भइसकेको छैन, र यस्तो अवस्थामा यसको उपयोग गर्नु कति ठीक होला ? तर प्लाज्मा दिइएका करिब ३५,००० बिरामीको प्रारम्भिक तथ्याँक विश्लेषण गर्दा निकै सकारात्मक प्रभाव देखिएको मायो क्लिनिकका मुख्य अनुसन्धाता डा माइकल जोयनरले बताउनुभएको छ।

कोरोना संक्रमण देखिएको तीन दिनभित्र प्लाज्मा दिइएका व्यक्तिको मृत्युदर ज्यादै न्यून रहेको छ। जोयनरका अनुसार शरीरमा भाइरससँग लड्ने क्षमता अत्यन्त कमजोर भएर एन्टीबडीको सख्त जरुरी परेका बिरामीलाई समेत प्लाज्मा थेरापीले धेरै मद्दत गरेको छ। समस्या कहाँनेर छ त ?: यो औपचारिक अध्ययन भने होइन। अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडीए) को निर्देशिका बमोजिम संयुक्तराज्य अमेरिकाका विभिन्न अस्पतालमा बिरामीको भिन्नभिन्न तरिकाबाट उपचार भइरहेको छ। अमेरिकामा प्रयोगात्मक उपचार विधिका सम्बन्धमा व्यापक जानकारीमा पहुँच दिइने भनिए पनि प्लाज्मा प्राप्त गर्ने बिरामीका बारेमा प्रष्ट जानकारी छैन। हाल देशभरबाट प्रमाणहरु संकलन गर्ने अभियान संचालनमा छ। "करिब १०२ वर्षदेखि हामी प्लाज्माले साँच्चिकै काम गर्दछ वा गर्दैन भनेर हामी बहस गरिरहेका छौं," न्यूयोर्क विश्वविद्यालयकी डा मिला ओर्टिगोजाले बताउनुभयो। उहाँले सन् १९१८ मा पनि फ्लुको महामारीका दिनमा प्लाज्मा थेरापीको प्रयोग गरिएको थियो। यस पटक हामीलाई विवादरहीत ठोस प्रमाणहरुको खाँचो छ, उहाँले भन्नुभयो। ओर्टिगोजाले यस्तै एउटा अध्ययनको सहसंयोजकका रुपमा कार्य गरिरहनु भएको छ। यसै साता यो समूहले अरु तीन वटा राज्यहरु - कनेक्टिकट, फ्लोरिडा र टेक्सास - मा अध्ययन गर्दैछ। प्लाज्मा उपचारको निष्कर्ष जतिसक्दो चाँडो सार्वजनिक गर्न मुलुकका अन्य क्षेत्रबाट पनि तथ्याँक विवरणहरु संकलन गर्ने तयारी ओर्टिगोजा टिमको छ। "स्पष्ट उत्तर कहिले प्राप्त होला भन्ने सबैको चासो छ," सेन्ट लुइसस्थित वासिङटन युनिभर्सिटीका संक्रामक रोग विशेषज्ञ डा जेफ्री हेन्डरसनले भन्नुभयो। उहाँले क्लिनिकल ट्रायलहरु अघि बढ्ने विश्वास व्यक्त गर्दै मायो क्लिनिकको प्रतिवेदन सानो संख्याका बिरामीको तथ्याँकमा आधारित रहेको बताउनुभयो। शरीरभित्र कुनै नयाँ जीवाणु प्रवेश गरेमा शरीरले यसविरुद्ध लड्न प्रोटिन नामको एन्टीबडी बनाउँछ। यस्तो एन्टीबडी प्लाज्मामा रहेको हुन्छ, र यसको रंग पहेंलो-पहेंलो र तरल रुपमा हुन्छ। एन्टीबडी निर्माण हुन केही साता लाग्ने भएकाले कुनै व्यक्तिको एन्टीबडी राख्दा बिरामीलाई भाइरस विरुद्ध लड्न मद्दत गर्दछ र त्यसबीचमा व्यक्तिको रोगप्रतिरोधी क्षमता विकास हुन्छ।

मायोका नतिजाहरुलाई वैज्ञानिक अध्ययनका लागि वेबसाइटमा खुला राखिएको छ। कोरोना संक्रमित भएको तीन दिनभित्र उच्च गुणस्तरको एन्टीबडी प्लाज्मा दिइएका व्यक्तिमध्ये २० प्रतिशतको ३० दिनभित्र मृत्यु भएको थियो जबकी न्यून गुणस्तरको एन्टीबडी प्लाज्माबाट उपचार गरिएका ३० प्रतिशतको मृत्यु भएको थियो। एफडीएले आपतकालीन प्लाज्मा उपचार विधिलाई अनुमति दिने वा नदिने भन्ने सम्बन्धमा गहन अध्ययन गरिरहेको जनाएको छ। एफडीएले यसका बारेमा शुक्रबार कुनै टिप्पणी गर्न अस्वीकार गरेको छ। कोभिड-१९ बाट निको भएका दशौं हजार व्यक्तिले प्लाज्मा दान गरिसकेका छन्। संयुक्तराज्य अमेरिकामा कोरोना संक्रमितको संख्या बढेसँगै प्लाज्मा दान गर्न मानिसलाई उत्प्रेरित गर्नेक्रम जारी छ। अमेरिकी रक्तसंचार केन्द्र संघले एक तिहाई अस्पतालहरुले अनुरोध गरेको २४ घण्टाभन्दा बढी समयपछि मात्र प्लाज्मा उपलब्ध गराउन सकिएको जनाएको छ। प्लाज्मा उपचार प्रभावकारी भए नभएका बारेमा प्रष्ट नभए पनि वैज्ञानिकहरु यो उपचार विधि कहिले शुरु गर्नुपर्छ भन्ने बुझ्न चाहन्छन्। उनीहरु प्लाज्मा दिँदा गम्भीर बिरामीलाई वा प्रारम्भिक दिनहरुमा दिनु पर्दछ अथवा कुन डोज सही हो भन्ने जान्न चाहन्छन्।

# थाइल्याण्डको सरकारका विरुद्ध हजारौँको प्रदर्शन

बैंकक, १ भदौ (रासस/एएनआई)।

थाइल्याण्डको सरकारका विरुद्धमा थाइ राजधानी बैंककमा आइतबार हजारौं जना नागरिक जम्मा भएर प्रदर्शन गरेका बताइएको छ। उनीहरुले थाइ सरकारको वहिर्गमनको माग गरेका थिए। राजधानी बैंककमा जम्मा भएका हजारौँ नागरिकले प्रधानमन्त्री प्रयुथ चान ओचाको राजीनामा मागेका छन्। उनीहरुले विपक्षी दलहरुमाथि भएको दमनको अन्त्य गर्न र नयाँ तथा प्रजातान्त्रिक संविधान ल्याउनका लागि वर्तमान प्रधानमन्त्री ओचाले आफ्नो पदबाट राजीनामा दिनुपर्ने बताएका थिए। यहाँका विपक्षीहरुले पूर्व सैनिक शासक ओचाको राजीनामा विगत लामो समयदेखि नै माग्दै आएका छन्। उहाँ पूर्व सैनिक शासक हुनुहुन्थ्यो र गत वर्षको विवादास्पद निर्वाचन जितेर सत्तामा आउनुभएको थियो। यहाँ कम्तीमा पनि २० हजार जना थाई नागरिक सरकार विरोधी प्रदर्शनमा सहभागी भएको फ्रि युथ मुभमेन्टका एकजना नेताले बताए। फ्रि युथ मुभमेन्ट यहाँका विद्यार्थी संगठनहरुले सरकारका विरुद्धमा आन्दोलन गर्नका लागि निर्माण गरेको एउटा मोर्चा हो। उक्त मोर्चाका नेताले यहाँ सरकारका विरुद्धमा आन्दोलन सुरु भइसकेको र ठूलो संख्यामा नागरिक सडकमा आएको बताएका छन्। आन्दोलनमा जम्मा भएका करिब १९ हजार नागरिकले वर्तमान संविधान फेरेर नयाँ लेख्नुपर्ने भन्दै सरकारलाई हस्ताक्षर गरेर बुझाएका छन्। थाइल्याण्डको संविधान त्यहाँ सैनिक शासन रहेका बेला सन् २०१४ देखि २०१९ को अवधिमा बनाइएको हो। उक्त संविधान प्रजातान्त्रिक नभएको भन्दै यसको पुनः लेखन उनीहरुको माग छ।

# अनियमितता भएको हुनसक्ने भन्दै अख्तियारद्वारा छानबिन

लहान, १ भदौ (रासस)।

कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा राहत वितरणका लागि सिरहा नगरपालिका र औरही गाउँपालिकाले गरेको खर्चमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन शुरु गरेको छ।

सिरहाको औरही गाउँपालिकाले कोरोना सङ्क्रमण नियन्त्रण, रोकथाम र राहत वितरणका नाममा अनियमितता गरेको भन्दै स्थानीयवासीको व्यापक विरोधपछि आयोगले छानबिन शुरु गरेको हो।

सो गाउँपालिकाले कोरोना नियन्त्रण, रोकथाम तथा राहतका लागि गरेको खर्चसम्बन्धी कागजात नियन्त्रणमा लिएर छानबिन शुरु गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास महोत्तरीका सूचना अधिकारी मणिराम ज्ञवालीले जानकारी दिनुभयो।

औरही गाउँपालिकाले कोरोना नियन्त्रणका लागि गरेको खर्चमा अनियमितता भएको भन्दै स्थानीय युवाले केही दिनअघि प्रदर्शन गरेका थिए। यसअघि अख्तियारले कोरोना नियन्त्रणका लागि भएको खर्चमा अनियमितता हुनसक्ने भन्दै केही दिनअघि सिरहा नगरपालिकाबाट समेत कागजात नियन्त्रण लिएको थियो।

# विधेयक फिर्ता

जनकपुर, १ भदौ (रासस)।

प्रदेश नं २ का प्रदेशप्रमुख तिलक परियारले 'प्रदेश सञ्चार विधेयक' फिर्ता पठाउनुभएको छ।

प्रदेशसभाबाट पारित भएर प्रमाणीकरणका लागि पठाइएका सो विधेयकमा प्राविधिक त्रुटि र अधिकांश शब्द संयोजन नमिलेको कारणले फिर्ता पठाइएको प्रदेश प्रमुखका स्वकीय सचिव पद्म विश्वकर्माले जानकारी गराउनुभएको छ।

विधेयकको विभिन्न दफा उपदफामा देखिएका त्रुटिलाई सच्याउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाइएको र विधेयक सच्याएर आएपछि प्रमाणीकरण हुने उहाँले बताउनुभयो।

# उपत्यकामा संक्रमित दुई हजार बढी

काठमाडौँ, १ भदौ (रासस)।

कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि उपत्यकामा पनि सङ्क्रमित बढेका छन्।

अहिलेसम्म उपत्यकामा दुई हजार १३४ जना सङ्क्रमित पाइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो। उपत्यकामा बन्दाबन्दी खुलेपछि सङ्क्रमित बढ्न थालेका हुन्।

उहाँका अनुसार अहिलेसम्म काठमाडौँ जिल्लामा एक हजार ७०५, भक्तपुरमा १४७ र ललितपुरमा २८२ जना रहेका छन्। यस्तै उपत्यकामा १० जनाको कोभिड-१९ को कारणले मृत्यु भइसकेको छ। यसरी मृत्यु हुनेमा नौ जना काठमाडौँ र एक जना ललितपुरका रहेका छन्।

यस्तै २४१ जना उपचारपछि निको भएर घर फर्किसकेका छन्। काठमाडौँ जिल्लामा १६२, भक्तपुरमा ३५ र ललितपुरमा ४४ जना निको भएर घर फर्किएका छन्। सोमबार मात्र उपत्यकामा १६८ जना सङ्क्रमित फेला परेका छन्। काठमाडौँमा १३९ जना, ललितपुरमा १५ र भक्तपुरमा १४ जना रहेका छन्।

उपत्यकामा अहिलेसम्म सक्रिय सङ्क्रमित एक हजार ८८३ जना रहेका छन्। काठमाडौँ जिल्लामा एक हजार ५३४, भक्तपुरमा ११२ र ललितपुरमा २३७ जना सक्रिय सङ्क्रमित रहेका छन्। नेपालमा २७ हजार २४१ सङ्क्रमित, १७ हजार ४९५ निको भएका, १०७ जना सङ्क्रमणले गर्दा मृत्यु भएका र नौ हजार ६३९ सक्रिय सङ्क्रमित रहेका छन्।

## *सिरहाको सबै ...*

व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार कोरोना सङ्क्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि सोमबारदेखि भदौ १५ गतेसम्म लकडाउन थप गरिएको सिरहा नगरपालिकाका प्रमुख अशेश्वर यादवले जानकारी दिनुभयो।

यसअघि सो नगरपालिकाले साउन २५ गते राति १२ बजेदेखि साउन ३२ गतेसम्म लगाइएको लकडाउन गए राति १२ बजे सकिएपछि सोमबार बिहानबाट लकडाउनको अवधि भदौ १५ गते राति १२ बजेसम्मका लागि थप गरिएको नगरप्रमुख यादवले बताउनुभयो।

त्यसैगरी गोलबजार नगरपालिकाले पनि लकडाउन दुई साताका लागि थप गरेको छ। गोलबजार नगरपालिकाले सोमबार बिहानदेखि भदौ १५ गतेसम्मका लागि लकडाउन थप गरिएको नगरप्रमुख देवनाथ साहले जानकारी दिनुभयो। नगरभित्र अति आवश्यक औषधि पसल, ढुवानी सेवा, एम्बुलेन्स तथा अत्यावश्यक इमर्जेन्सी गाडी चल्ने गरी लकडाउनको समय बढाइएको गरिएको छ।

यस्तै कोरोना भाइरस सङ्क्रमणको जोखिम बढ्दै गएको भन्दै भूमिसुधार तथा मालपोत कार्यालय लहानले सोमबारदेखि भदौ १५ गतेसम्म अत्यावश्यक कामबाहेक सम्पूर्ण कार्य बन्द गरेको छ। कार्यालयले सूचना प्रकाशित गरी सोमबारदेखि १५ दिनका लागि कार्यालयबाट प्रदान गरिने अत्यावश्यकबाहेकका सबै काम बन्द गरिएको जनाएको छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- **कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।**
- **संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।**

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- **खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।**
- **समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।**
- **खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।**
- **आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।**

**आरो ध्यान देववाला बात :**

- **बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।**
- **कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११११५ मे फोन कऽ सकैछी।**
- **डेराऊ नहिं, सतर्क रहू।**

**आनुरोधकर्ता – शम्भु प्रसाद यादव**
**प्रमुख**
**राजविराज नगरपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*